# याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मेदिवुङ थर्पु, पाँचथर

१ नं. प्रदेश नेपाल

पत्र संख्या :- ०७७/७८

चलानी नं. : १६२

विषय :- **सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

प्रथम पटक सूचना प्रकाशित मिति :- २०७७/०५/०१

उपरोक्त सम्बन्धमा याङवरक गाउँ कार्यपालिका राजश्व परामर्श समितिको सिफारिसमा गाउँ कार्यापालिकाको मिति २०७७/०४/२९ गतेको निर्णय यस याङवरक गाउँपालिकाको आर्थिक ऐन २०७७ को अनुसूची ५ तथा प्रारम्भिक वातावरणीय परिक्षण मापदण्ड वमोजिम याङवरक गाउंपालिकाको कार्यालय पाँचथरले आ.व. २०७७/०७८ को लागि आन्तरिक आय पूर्वाधार जन्य वस्तुहरु (ढुंगा, गिटी, वालुवा, रोडा, ग्राभेल,माटो लगायतको विक्रि कर) संकलन ठेक्का निम्नानुसार वन्दोवस्त गर्नुपर्ने भएकाले प्रचलित नेपाल कानून वमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुवाट दरभाउपत्र फाराम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुका अधिनमा रही कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**ठेक्का शर्तहरु**

१. प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले दरभाउपत्र फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन्।

२. दरभाउपत्र फाराम खरिद गर्न आ.व.०७६/७७ मा नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र,आ.व. ०७५/७६ को आयकर चुक्ता प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु सहित दरभाउपत्र खरिदको निवेदन पेश गर्नुपर्ने छ।

३.यो **सूचना मेची पोष्ट राष्ट्रिय दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र सिलवन्दी दरभाउपत्र फारम खरीद गरी १६ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ। सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ।

४.यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको २:०० वजे भित्र कार्यालयको प्रतिनिधिहरु र सिलवन्दी दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ तर सिलवन्दी दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन।

५. जसको नाममा दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र दाखिला गर्नुपर्ने छ। यस कार्यालयवाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिइने छैन र सोको छायाप्रति पनि स्वीकार्य हुने छैन।

६.दरभाउपत्र फाराममा आफुले कवोल गरको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

७. सिलवन्दी दरभाउपत्र पेश गर्नेले नियमानुसार आफुले कवोल गरेको अंकको ५% ले हुन आउन रकम याङवरक गाउंपालिकाको सिभिल बैंक स्थित धरौटी खाता नं.06210184899047 मा नगद दाखिला गरेको

सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ७५ दिन मान्य अवधि रहने गरि जारी गरेको छुट्टाछुट्टै बैंक जमानत पेश गर्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भएपछि धरौटी बापत स्वीकृत ठेक्का अंक बराबरको नियमानुसारको नगदै रकम यस कार्यालयको सिभिल बैंक स्थित धरौटी खाता नं. 06210184899047 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १३(तेह्र) महिना अवधि म्याद भएको बैंक जमानिपत्र (बैंक ग्यारेन्टी) पेश गरी सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

९. ढुंगा, गिटी, वालुवा, ग्रावेल रोडा पुलको दायाँ वायाँ (Up stream/Down Stream) ५०० मि., वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा कुलो बाँध आदिवाट निकाल्न पाइने छैन ।

११.सिलवन्दी दरभाउपत्रवाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०७७ आश्विन १ गते देखि ०७८ ज्येष्ठ मसान्त सम्म ९ (नौ ) महिनाको रहनेछ ।

१२. ठेक्का कवोल रकम दुई किस्तामा बुझाउनुपर्ने छ । सम्पूर्ण ठेक्का अंकको ५०% रकम एकमुष्ठ ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्ने छ । बाँकी ५०% दोस्रो किस्ता रकम २०७७ फागुन मसान्त भित्रै बुझाउनुपर्ने छ । प्रथम किस्ता बुझाई सम्झौता गर्न आउँदा स्वीकृत बाँकी रकम बराबरको २०७८ असार मसान्त सम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत (परफरमेन्स वण्ड ) सम्झौता गर्दाको वखत नै पेश गर्नुपर्ने छ । तोकिएको किस्ता म्यादभित्र नबुझाएमा परफरमेन्स वण्ड तथा धितो जमानत बाट असुली गरिने छ । कुनै पनि कारण देखाई कबोल अंकमा छुट माग गर्न पाइने छैन ।

१३. प्रदेश सरकार वा याङवरक गाउंपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधिभित्र रहि याङवरक गाउंपालिकाको कार्यालय, पाँचथरको निर्णय अन्तिम र मान्य हुनेछ सो निर्णय मान्न ठेकेदारको कर्तव्य हुनेछ ।

१४. न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलवन्दी दरभाउपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलवन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

१५. ठेक्का लिने ठेकेदारले दररेट सहितको साइनवोर्ड सम्वन्धित संकलन केन्द्रहरुमा राख्नुपर्नेछ ।

१६ ठेक्का कवोल गर्ने ठेकेदारले याङवरक गाउंपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदि रसिदहरु ठेकेदारले आफ्नो तर्फवाट छपाई यस कार्यालयमा छपाइको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयाग गर्नुपर्ने छ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एक प्रति उपलब्ध गराउनु ठेक्केदारको कर्तव्य हुनेछ ।

१६. वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०५४ को परिच्छेद २ बमोजिम EIA सम्वन्धी विषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षवाट पालना गरिने छ ।

१७. राजमार्ग वा सहायक राजमार्गमा तगारो राखी कर असुल गर्न पाइने छैन ।

१८. ठेक्का समाप्त भई करचुक्ता पेशगरेपछि धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

१९. यस गाउंपालिकामा बक्यौता तिर्न बाँकि रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म शिलवन्दी दरभाउपत्रमा भाग लिन पाउने छैन ।

२०. एक स्थानीय तहमा उपयोग कर शुल्क बुझाइसकेको प्रमाण पेश गरेमा पुनः शुल्क लिन पाइने छैन ।

२१. ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेक्केदार स्वयमले बुझाउनुपर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन । ठेक्का अवधिभर ठेक्केदारले ठेक्का तोड्न पाइनेछैन । विचैमा ठेक्केदारले ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेक्केदारबाटै सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२२. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. माथि उल्लेखित सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

२४. सिलबन्दी दरभाउपत्र सम्वन्धि शर्तहरु तथा दररेट सम्वन्धि विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.yangwarakmumpanchthar.gov.np बाट पनि हेर्न सकिनेछ। सो सम्वन्धी अन्य कुरा बुझ्न परेमा याङवरक गाउंपालिकाको कार्यालय, पाँचथर तथा फोन नं. ०२४-४१००४८,४९ मा सम्पर्क राख्न सकिने छ।

२५. उल्लेखित तोकिएका उत्खनन क्षेत्रभित्र बाहेक गाउंपालिकाको जुनसुकै क्षेत्रबाट खानीजन्य स्रोत वस्तुहरुको संकलन भई उपयोग भएको भएमा समेत कर दस्तुर लाग्नेछ।

## ठेक्काको विवरण

| आन्तरिक आय बन्दोवस्त ठे.नं. | ठेक्काको किसिम | उत्खनन क्षेत्र | नदी वा खोला | न्युनतम वार्षिक ठेक्का अंक आ.व. ०७७/०७८ (मू.अ.क. बाहेक) | दरभाउपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| ०१/२०७७/७८ | पूर्वाधार जन्य वस्तुहरु ढंगा, गिटी, वालुवा, रोडा, ग्राभेल आदिको बिक्री कर | सिवादोभान,दोभाने,लामदुवाली,सिलसिले आसपास | इवा खोला | ५००,०००/- (पाँच लाख मात्र) | १०००/- (एक हजार मात्र) | नियमानुसार |
| | | आँपडाँडा आसपास | इङवा/इन्द्रावती | | | |
| | | कुवापानी आसपास | मोरुङ्गा मेवाखोला | | | |
| | | दाहालगाउँ पुछार कावेली हाडङ्गो पावर याङवरक वडा नं. ६ पुछार आसपास | कावेली क र ख | | | |
| | गाउंपालिका भित्रको तोकिएको क्षेत्र बाहेक अन्य स्थानबाट संकलन भइ आएको समेत | | | | | |

रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत